**बैठक नं.१६**

आज मिति २०८०/१२/३० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | तुलसा अर्याल | निमित्त प्रमुख प्रशासकीय अधिकृत | |

सिता खनाल - का वा वडाध्यक्ष - ८
यमुना कार्की - का वा वडाध्यक्ष - १०

**प्रस्ताव नं. १६.१**

मिति २०८०/१२/२१ मा बसेको पन्ध्रौ बैठकको समीक्षा सम्बन्धमा ।

- नदीजन्य पदार्थको बिक्री वितरणका लागि आय ठेक्का सम्बन्धी टेण्डर आब्हान गर्ने गरी निर्णय लिइएको र आय ठेक्काका लागि सूचना समेत प्रकाशित भइसकेको ।
- आधुनिक पशुबधशाला स्थललाई चार किल्ला निर्धारण गरी बधस्थल तोक्नका लागि प्रक्रिया अगाडि बढाउने गरी निर्णय लिइएको र सो विषय कार्यान्वयनका लागि कृषि तथा पशुपक्षी मन्त्रालयमा अनुरोध गरी पठाइ सकिएको ।
- राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि माग र आवश्यकताको आधारमा नदीजन्य पदार्थ उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- हाइमास्ट लाइट खरिद सम्झौताको भेरिएशन आदेश अनुमोदन गरिएको ।
- शिक्षा समितिको निर्णय अनुमोदन गरिएको ।
- वडा नं.१ स्थित कर्बडहल निर्माण आयोजनाको स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि कार्यदल गठन गरिएको ।
- गौशालामा अस्थायी संरचना ट्रष्ट गोठ निर्माण गर्ने गरी निर्णय लिइएको ।
- ग्याविन जाली खरिद प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- बहुतले पार्किङ्ग भवनको Bid Document को criteria मा सामान्य संशोधन गरिएको ।
- केही योजनाहरुको सम्झौता गरिएको हुँदा सो विषयलाई अनुमोदन गरिएको ।
- वडा नं.१७ मा वानिया कन्स्ट्रक्सनद्वारा स्थापित क्रसर उद्योगका बारेमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि गठित कार्यदलबाट प्राप्त हुन आएको प्रतिवेदन जानकारीमा लिइएको ।
- नगर मेलमिलाप केन्द्रको संयोजक र सहसंयोजक पदमा मनोनयन गरिएको ।
- केही व्यक्ति, संघसस्था एवं कार्यालयलाई कार्यक्रमका लागि सहयोग एवं अनुदान उपलब्ध गराउने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं.१६.२**

जितगढी उत्सव मनाउने सम्बन्धमा ।

**निर्णय नं. १६.२**

मिति २०८०/१२/२९ गतेका दिन बसेको जितगढी किल्ला व्यवस्थापन समितिको निर्णय बमोजिम २०८१ बैशाख ७ गतेका दिन जितगढी उत्सव मनाउनका लागि प्रस्ताव भई आएको कार्यक्रम सहितको

खर्च विवरण स्वीकृत गरी विजय उत्सवलाई भव्य रुपमा सम्पन्न गर्नका लागि देहाय बमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

१. झाँकी ऱ्याली व्यवस्थापन समिति

- श्री हरि प्रसाद श्रेष्ठ , वडाध्यक्ष वडा नं.५- संयोजक
- श्री विजयदेव भुर्तेल, उपनिर्देशक - सदस्य
- श्री दामोदर ज्ञवाली ,उपनिर्देशक - सदस्य
- श्री डिला राना, सहायकस्तर पाँचौ तह - सदस्य

२. मन्च व्यवस्थापन समिति

- श्री सुनिल शाक्य , वडाध्यक्ष वडा नं.२ -संयोजक
- श्री गौतम रौनियार , निर्देशक - सदस्य
- श्री रुक्मागत बस्याल , अधिकृतस्तर सातौ तह प्रा.-सदस्य
- श्री ठगिश्वर पोखरेल , शाखा अधिकृत, अधिकृतस्तर छैटौ तह - सदस्य
- श्री अशोक पाण्डे , शाखा अधिकृत, अधिकृतस्तर छैटौ तह - सदस्य
- श्री गुरु प्रसाद भट्टराई , सहायकस्तर पाँचौ तह - सदस्य

३. स्वागत तथा मायाको चिनो वितरण

- श्री शिव राना, वडाध्यक्ष वडा नं. १५ - संयोजक
- श्री रोशन रेग्मी , उपनिर्देशक - सदस्य
- श्री अशोक पाण्डे, शाखा अधिकृत, अधिकृतस्तर छैटौ तह -सदस्य
- श्री संगिता अर्याल , शाखा अधिकृत, अधिकृतस्तर छैटौ तह -सदस्य
- श्री कल्पना भुसाल पाण्डे, अधिकृतस्तर छैटौ तह- सदस्य
- श्री सि.पि.खनाल, प्रेस विज्ञ - सदस्य
- श्री डिला राना , सहायकस्तर पाँचौ तह - सदस्य

४. प्रचार प्रसार समिति

- श्री रामचन्द्र क्षेत्री,.वडाध्यक्ष वडा नं. ११- संयोजक
- श्री विजयदेव भुर्तेल , उपनिर्देशक - सदस्य
- श्री रोशन रेग्मी , उपनिर्देशक - सदस्य
- श्री युवराज पाण्डे , अधिकृतस्तर सातौ तह - सदस्य
- श्री सोमनाथ अधिकारी , प्राविधिक अधिकृत, अधिकृतस्तर छैटौ तह - सदस्य
- श्री सि.पि. खनाल , प्रेस विज्ञ - सदस्य

५. जलपान समिति

- श्री नरेन्द्र बस्नेत , वडाध्यक्ष वडा नं. १ - संयोजक
- श्री लेखनाथ पोखरेल , उपनिर्देशक - सदस्य
- श्री युवराज पाण्डे , अधिकृतस्तर सातौ तह -सदस्य
- श्री गोविन्द पंगेनी , अधिकृतस्तर छैटौ तह - सदस्य
- श्री गुणाकर खनाल , शाखा अधिकृत, अधिकृतस्तर छैटौ तह - सदस्य
- श्री बसन्त खवास , सहायकस्तर पाचौ तह - सदस्य

६. निमन्त्रणा पत्र लेखन तथा वितरण

- श्री मित्रमणी खनाल , प्रमुख प्रशासकीय अधिकृत - संयोजक
- श्री हरि प्रसाद आचार्य , निर्देशक - सदस्य
- श्री गंगाधर सापकोटा , शाखा अधिकृत, अधिकृतस्तर छैटौ तह - सदस्य
- श्री महेश घर्ती , सहायकस्तर चौथो तह - सदस्य
- श्री वडा सचिवहरु सबै १-१९ - सदस्य

**प्रस्ताव नं.१६.३**

प्रदेश समपुरक अनुदान अर्न्तगतका योजना छनौट सम्बन्धमा ।

**निर्णय नं. १६.३**

लुम्बिनी प्रदेश सरकार ,अर्थ मन्त्रालय राप्ती उपत्यका (देउखुरी),नेपालको मिति २०८०।१२।२६ गतेको पत्रानुसार आगामी आ.व. २०८१/०८२ का लागि प्रदेश समपुरक अनुदान तर्फका योजना छनौट गरी पठाउने सम्बन्धी सूचना अनुसार समपुरक अनुदान कार्यविधि (संशोधित),२०७८ अनुसार देहाय बमोजिमको प्राथमिकताक्रम तोकि समपुरक अनुदान तर्फ बुटवल उपमहानगरपालिकाको तर्फबाट कम्तीमा ५० प्रतिशत लागत सहभागिताको सुनिश्चितता रहने प्रतिबद्धता सहित देहायका योजना छनौट गरी लुम्बिनी प्रदेश सरकार ,अर्थ मन्त्रालय राप्ती उपत्यका (देउखुरी) दाङमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**समपुरक अनुदान तर्फ ( ५०।५० प्रतिशत)**

| प्राथमिकता क.सं. | आयोजनाको नाम/ठेगाना | लागत रकम रु. |
|---|---|---|
| १ | ट्राफिक लाईट जडान कार्य,योगिकुटी गोलपार्क र धागो कारखाना देखि तिनाउपुलसम्म, बुटवल | - २ करोड ८० लाख |
| २ | गौशालामा योगाहल,गहत प्रशोधन केन्द्र,गड्यौला उत्पादन केन्द्र, तथा गुरुहरुका लागि आवासीय भवन र आयुर्वेदिक केन्द्र निर्माण,बुटवल ७ | -२ करोड ८० लाख |
| ३ | गलामी पथ सडक स्तरोन्नती ,क्रमागत बुटवल ११ | - २ करोड |

४ तामनगर दानव पुल देखि हिरापुर सडक स्तरोन्नती ,क्रमागत बुटवल १५,१६ - ३ करोड

५ हिलपार्कमा खानेपानी अण्डरग्राउण्ड ट्याङकी निर्माण बुटवल-७ -५ करोड

**जम्मा रु. १५ करोड ६० लाख**

**प्रस्ताव नं.१६.४**

**प्रदेश विशेष अनुदान अर्न्तगतका योजना छनौट सम्बन्धमा ।**

**निर्णय नं.१६.४**

लुम्बिनी प्रदेश सरकार,लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी ),नेपालको च.नं. ५०२ मिति २०८०।१२।२७ गतेको पत्रानुसार विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६ (पहिलो संशोधन २०८० समेत) बमोजिम बुटवल उपमहानगरपालिकाको तर्फबाट चालु आ.व. २०८१/०८२ का लागि देहाय बमोजिमका योजना छनौट गरी लुम्बिनी प्रदेश सरकार,लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी) दाङमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

| **प्राथमिकता क.सं.** | **आयोजनाको नाम/ठेगाना** | **लागत रकम रु.** |
|---|---|---|
| १ | अमर मा.वि.भवन निर्माण , बुटवल १९ | ४० लाख |
| २ | शहिदस्मृति आधारभुत विद्यालय, भवन निर्मण ,बुटवल ११ | ४० लाख |

**प्रस्ताव नं. १६.५**

सुरक्षा व्यवस्थाका लागि तारवार प्रकिया अगाडि बढाउने सम्बन्धमा ।

**निर्णय नं. १६.५**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको आफ्नै मुख्य प्रशासनिक भवनको वरिपरि तारवार गरी सुरक्षा व्यवस्थालाई मजबुत बनाउन आवश्यक भएको हुँदा तारवारका लागि प्राविधिकबाट भई आएको लागत स्टीमेट रु.२१,०२०७५।८१ (एक्काइस लाख दुई हजार पचहत्तर रुपैया एकासी पैसा मात्र) स्वीकृत गरी स्वीकृत कार्यक्रम अर्न्तगतको बजेट पुस्तिकाको सि.नं.६४५ खर्च शीर्षक नं.३११५९ सार्वजनिक जग्गा संरक्षण उपमहानगर भित्रका विभिन्न स्थानमा शीर्षक मध्येबाट खर्च जनिने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १६.६**

जितगढी किल्ला जाने पहुच सडक मरमत सम्बन्धमा ।

**निर्णय नं.१६.६**

आगामी २०८१ बैशाख ७ गतेका दिनमा सदा झै बुटवल उपमहानगरपालिकाबाट आयोजना हुने जितगढी उत्सवलाई विभिन्न कार्यक्रम संचालन गरी भव्य रुपमा सम्पन्न गर्ने कार्यक्रम रहेको र उक्त किल्लासम्म जाने पहुच सडक जिर्ण भएकोले मरमत गर्न आवश्यक भएको हुँदा प्राविधिकबाट भई आएको लागत स्टीमेट रु.९९९,१५०।८८ (नौ लाख उनान्सय हजार एकसय पचास रुपैया अठासी पैसा

मात्र) स्वीकृत गरी कार्यान्वयन गर्ने र पूजिगत भैपरी शीर्षकबाट भुक्तानी प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १६.७**

गौशालालाई व्यवस्थित गर्ने सम्बन्धमा ।

**निर्णय नं. १६.७**

बुटवल - ७ स्थित शिवनगरमा रहेको गौशालामा नगरका सँडकहरुमा यत्रतत्र छरिएर रहेका छाडा पशु चौपायाहरुलाई व्यवस्थापन गरिदै आएको र सो कार्यलाई थप व्यवस्थित गर्न आवश्यक भएको हुँदा २०८१ बैशाख देखि देहाय बमोजिमको मितिमा देहाय बमोजिमका वडाहरुले गौशालामा रहेका चौपायाहरुलाई, पानी, पराल, घाँस लगायतका खाना र दानाको आवश्यक प्रबन्ध मिलाउने निर्णय गरियो ।

- मिति २०८१/१/८ गते विहान वडा नं. १
- मिति २०८१/१/१० गते विहान वडा नं. २
- मिति २०८१/१/१२ गते विहान वडा नं. ३
- मिति २०८१/१/१४ गते विहान वडा नं.४
- मिति २०८१/१/१६ गते विहान वडा नं.५
- मिति २०८१/१/१८ गते विहान वडा नं.६
- मिति २०८१/१/२० गते विहान वडा नं.७
- मिति २०८१/१/२२ गते विहान वडा नं.८
- मिति २०८१/१/२४गते विहान वडा नं.९
- मिति २०८१/१/२६ गते विहान वडा नं.१०
- मिति २०८१/१/२८ गते विहान वडा नं.११
- मिति २०८१/१/३० गते विहान वडा नं.१२
- मिति २०८१/२/२ गते विहान वडा नं,१३
- मिति २०८१/२/४ गते विहान वडा नं.१४,१५ र १६
- मिति २०८१/२/६ गते विहान वडा नं.१७,१८ र १९

**प्रस्ताव नं. १६.८**

नवीन औद्योगिक कदर बहादुर रीता मा.वि. मा कक्षा कोठा थपका लागि सिफारिस गरी पठाउने सम्बन्धमा ।

**निर्णय नं. १६.८**

बुटवल-११ स्थित देवीनगरमा रहेको नवीन औद्योगिक कदर बहादुर रीता मा.वि. को प.सं.०८०/०८१ च.नं. ३८५ मिति २०८०।१२।२१ को पत्रबाट राष्ट्रपति शैक्षिक सुधार भवन माथि तला थप्नको लागि रु.९५८०६०००।-(नौ करोड अन्ठाउन्न लाख छ हजार मात्र) को लागत अनुमान र नक्शा सहित अर्थ मन्त्रालय र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई बजेट विनियोजनका लागि सिफारिस माग भई

आएको पत्र आजको बैठकमा प्रस्तुत भई छलफल गरियो । उक्त विद्यालयमा विद्यार्थीको चाप अत्यन्त बढी भएको र तला थप गर्न आवश्यक समेत भएको हुँदा तला थप प्रयोजनका लागि सिफारिस गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १६.९. विविध ।**

**प्रस्ताव नं.१६.९.१**

सहयोग सम्बन्धमा ।

**निर्णय नं.१६.९.१**

विभिन्न संघ संस्था एवं व्यक्तिहरुबाट विभिन्न कार्यक्रमका लागि सहयोग माग भई आएका निवेदनहरु आजको वैठकमा पेश भई छलफल गरियो । पेश भए वमोजिम देहायका व्यक्ति एवं संघ संस्थाहरुलाई देहाय वमोजिमको प्रयोजनका लागि नगर प्रमुख सामाजिक सहायता शीर्षकबाट देहाय वमोजिमको कार्यक्रम सहयोग एवं सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | व्यक्ति/संघ संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | उपप्रमुख महिला भलिवल | भलिवल खेल | ३ लाख थप |
| २. | बुटवल जैविक कृषि उपज सहकारी संस्था लि.बुटवल, १५ | बोइलर मेसिन जडान अनुदान | २ लाख ५० हजार |
| ३. | बुटवल देखि पाल्पा रानीमहल सम्म | साईकल यात्रा | १ लाख |
| ४. | शिक्षक संघ | प्रदेशस्तरीय कार्यक्रम | १ लाख |
| ५. | आशिष सुवेदी बुटवल, १२ | आमा गायत्रीदेवी सुबेदीको उपचार सहयोग | १ लाख |
| ६ | सहिद यादवनाथ आलोक स्मृति केन्द्र तिलोतमा, १२ | अनुदान सहयोग | १ लाख |
| ७. | उजिरसिहं थापाको जिवन गाथा र जितगढी किल्लाको | ऐतिहासिक रगांमन्च (नाटक निर्माण) | १ लाख |
| ८. | दुर्गामन्दिर भजन मण्डल बुटवल, ३ | बाध्यबादन सामग्री खरिद | ५० हजार |
| ९ | पूर्व सिद्धनगर दुर्गापथ टोल विकास संस्था बुटवल, ११ | १६ कुलोमा तारबार | ४० हजार |
| १०. | बटौली युवा क्लब बुटवल, १ | शिवरात्री मेला | २५ हजार |
| ११. | रमा पाण्डे | उपचार सहयोग | १५ हजार |

**प्रस्ताव नं. १६.९.२**

धन्यवाद ज्ञापन सम्बन्धमा ।

**निर्णय नं. १६.९.२**

बुटवल उपमहानगरपालिका वडा नं.७ स्थित शिवनगरमा रहेको गौशालाको समिपमा मिति २०८०/१२/२९ गते राती आगलागी भएको र उक्त आगलागी कार्यमा नेपाली सेना, नेपाल प्रहरी, टोल विकास समिति, सामुदायिक वनका पदाधिकारीहरु, सशस्त्र प्रहरी, सि.न.न.पा, ति.न.पा का.वारुणयन्त्रहरु, धार्मिक संस्थाहरु र स्थानीय बासिन्दाहरु समेत सहभागी भई सबैको सकृय सहभागितामा अग्नी नियन्त्रणमा लिइएको हुँदा उल्लेखित कार्यमा संलग्न सबैमा यो बैठक हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

**प्रस्ताव नं. १६.९.३**

शोक प्रस्ताव ।

यस बुटवल उपमहानगरपालिकाको वडा नं.८ का वडाध्यक्ष श्री यज्ञ प्रसाद पंगेनीका पिता गणेश प्रसाद पंगेनीको मिति २०८०।१२।२८ गतेका दिन ८४ वर्षको उमेरमा असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा यो बैठक गहिरो संमवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।